# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ भक्तपुर, बैशाख २९ गते, २०८० साल संख्या ८


## भाग १

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेऱ्हौं नगर सभा २०७९ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०८० सालको कार्यविधि**

## भक्तपुर नगरपालिकाको काठ, इँटा र झिँगटी खरिद अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९

भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भक्तपुर नगरपालिकाको तेऱ्हौं नगरसभाले देहाय बमोजिम संशोधन गरिएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५ (यसपछि मूल ऐन भनिएको छ) को बुंदा नं. १.६. मा रहेको "यो कार्यविधि अनुसार दिइने अनुदान सम्बन्धमा विवाद परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ" भन्ने वाक्यांशको सट्टा "यो कार्यविधि अनुसार दिइने अनुदान सम्बन्धमा विवाद परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ र यस भन्दा अघि अनुदान दिईसकेकोलाई यसै कार्यविधि अनुसार अनुदान दिइएको मानिनेछ" भन्ने वाक्यांश राखिएको छ ।

**आज्ञाले**

**(राम गोविन्द श्रेष्ठ)**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७९।११।३० गते**


**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**